# वीरगन्ज राजपत्र

## स्थानीय सरकार

## वीरगन्ज महानगरपालिका द्वारा प्रकाशित

**खण्ड-२ वीरगन्ज मार्ग महिना २५ गते २०७५ साल संख्या १२**


## भाग –२

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को (२) बमोजिम वीरगन्ज महानगरपालिकाको नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

संवत २०७५ सालको कार्यविधि नं –१२

कार्यविधिको नाम – वीरगन्ज महानगरपालिकाको **संस्थागत विद्यालय छात्रवृत्ति वितरण कार्यविधि, २०७५**

**प्रस्तावनाः**

वीरगन्ज महानगरपालिका अन्तर्गतका संस्थागत विद्यालयले प्रदान गर्ने छात्रवृत्ति वितरणको व्यवस्थालाई पारदर्शी बनाइ लक्षित वर्गको पहुँच सुनिश्चितता हुने व्यवस्था गर्ने वीरगन्ज महानगरपालिकाले **संस्थागत विद्यालयको छात्रवृत्ति वितरण कार्यविधि २०७५** बनाइ नगरकार्यपालिकाको बैठकबाट पारित गरी लागू गरिएको छ ।

## परिच्छेद–एक

### १. सङ्क्षिप्त नाम र प्रारम्भः

१.१ यो कार्यविधिको नाम वीरगन्ज महानगरपालिका अन्तर्गतका संस्थागत विद्यालयको छात्रवृत्ति वितरण कार्यविधि, २०७५ रहेको छ।

१.२ यो कार्यविधि नगरकार्यपालिकाबाट पारित भई प्रमुख प्रशासकीय अधिकृतले प्रमाणीकरण गरेको मितिबाट प्रारम्भ हुने छ।

१.३ यो कार्यविधि संस्थागत विद्यालयहरूको हकमा मात्र लागू हुनेछ।

## परिच्छेद–दुई

### २. परिभाषाः

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमाः–

२.१ 'मन्त्रालय' भन्नाले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयलाई जनाउँछ।

२.२ 'विभाग' भन्नाले शिक्षा तथा मानव श्रोत विकास केन्द्रलाई जनाउँछ।

२.३ 'महाशाखा' भन्नाले वीरगन्ज महानगरपालिकाको शैक्षिक प्रशासन महाशाखालाई जनाउँछ।

२.४ 'विद्यालय' भन्नाले नेपाल सरकारबाट संस्थागत विद्यालयको रूपमा अनुमति लिएका विद्यालयलाई जनाउँछ, साथै सो शब्दले सार्वजनिक शैक्षिक गुठी, निजी शैक्षिक गुठी, सहकारी तथा कम्पनीको रूपमा अनुमति प्राप्त गरी नेपाल सरकारबाट अनुदान नपाउने गरी सञ्चालित विद्यालयहरूलाई समेत जनाउँछ।

२.५ 'छात्रवृत्ति' भन्नाले तोकिएको आधार अनुसार छनोट भएका विद्यार्थीहरूलाई विद्यालयले निःशुल्क अध्ययन गर्नको लागि प्रदान गरेको सुविधालाई जनाउँछ।

## परिच्छेद–तीन

**३. उद्देश्यः**

यस कार्यविधिका उद्देश्यहरू निम्नलिखित रहेका छन्ः–

३.१ छात्रवृत्ति वितरणको व्यवस्थालाई पारदर्शी र व्यवस्थित बनाउनु ।

३.२ लक्षित वर्गले छात्रवृत्ति प्राप्त गर्ने अवस्था सुनिश्चित गर्नु ।

३.३ छात्रवृत्ति व्यवस्थापनसँग सम्बन्धित निकायहरूको भूमिका स्पष्ट पार्नु ।

## परिच्छेद–चार

**४. समिति सम्बन्धी व्यवस्थाः**

**४.१** वीरगन्ज **महानगरपालिका छात्रवृत्ति व्यवस्थापन समिति सम्बन्धी व्यवस्था**

१. वीरगन्ज म.न.पा. मा देहायका पदाधिकारीहरू रहेको एक छात्रवृत्ति व्यवस्थापन समितिको गठन हुने छ :

(क) नगर शिक्षा समितिका संयोजक ...... संयोजक (नगर प्रमुख)

(ख) प्रमुख प्रशासकीय अधिकृत ........सदस्य

(ग) निजी तथा आवासीय विद्यालयको संघ संगठनको प्रतिनिधि दुई जना...... सदस्य

(घ) वीरगन्ज म.न.पा. मा क्रियाशील अभिभावक संघ संगठन वा उक्त समिति क्रियाशील नभएको अवस्थामा शैक्षिक प्रशासन महाशाखा प्रमुखको सिफारिसमा संयोजकले तोकेको आधारभूत र माध्यमिक विद्यालय समेतको प्रतिनिधित्व हुने गरी अभिभावक प्रतिनिधि दुई जना ......... सदस्य

(ङ) नगर शिक्षा समिति संयोजकले तोकेको शिक्षा विज्ञ एक जना ...... सदस्य

(च) राष्ट्रिय परीक्षा वोर्डको  प्रमुख वा निजले तोकेको प्रतिनिधि........ सदस्य

(छ) वीरगन्ज म.न.पा. को शैक्षिक प्रशासन महाशाखा प्रमुख ..... सदस्य सचिव ।

२) छात्रवृत्ति व्यवस्थापन समितिको वैठक आवश्यकता अनुसार बस्नेछ ।

३) बैठक सञ्चालन सम्बन्धी ब्यवस्था तोकिए बमोजिम हुनेछ ।

## ४.२ वीरगन्ज **म.न.पा. को छात्रवृत्ति व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार**

छात्रवृत्ति व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय अनुसार हुने छः–

(क) शैक्षिक शत्र सुरु हुनु भन्दा दुई महिना अगावै विद्यालयले वीरगन्ज म.न.पा. मा कक्षागत विद्यार्थी संख्या पेश गर्नु पर्ने र उक्त विद्यार्थी संख्याको १० प्रतिशतले हुने संख्याको आधारमा छात्रवृत्ति कोटा निर्धारण गर्ने व्यवस्था मिलाउने ।

(ख) प्राप्त कोटाको आधारमा महानगर छात्रवृत्ति व्यवस्थापन समितिले आवेदन लिने गरी शैक्षिक सत्र सुरु हुनु भन्दा पन्ध्र दिन अगावै सार्वजनिक सूचना आह्वान गर्ने व्यवस्था मिलाउने ।

ग) प्राप्त आवेदनहरू छानविन गरी परीक्षाको मिति तोकी परीक्षा सञ्चालन गर्ने र परीक्षा भएको मितिले एक हप्ता भित्र नतिजा प्रकाशन गर्ने व्यवस्था मिलाउने ।

(घ) परीक्षामा उत्तीर्ण हुनेहरूको हकमा कक्षागत र आरक्षित समूहको योग्यताक्रमको आधारमा छात्रवृत्तिको अन्तिम नामावली तयार गरी प्रत्येक विद्यालयमा बढीमा १० प्रतिशत नबढ्ने गरी विद्यार्थीको नाम सिफारिस गर्ने ।

(ङ) यसरी छात्रवृत्तिमा छनोट भएका विद्यार्थीहरूलाई भर्ना शुल्क, मासिक शिक्षण शुल्क र परीक्षा शुल्क लिन नपाउने व्यवस्था गर्न लगाउने ।

(च) छात्रवृत्तिमा छनोट भएका विद्यार्थीहरूलाई निजको मञ्जुरी वेगर आवास, भोजन, यातायात जस्ता अन्य विषयमा बस्नै पर्ने, लिनै पर्ने वाध्यात्मक परिस्थिति सिर्जना नगर्ने व्यवस्था गर्ने ।

(छ) छात्रवृत्तिलाई व्यवस्थित गर्न यस कार्यविधि प्रतिकूल नहुने गरी आवश्यक विनियमहरू तर्जुमा गरी कार्यान्वयन गर्न सकिने ।

(ज) छात्रवृत्तिका सम्बन्धमा तालुक निकायले दिएको निर्देशनानुसार काम गर्ने गराउने ।

## परिच्छेद–पाँच

### ५.१ छात्रवृत्ति कोटा सम्बन्धी व्यवस्थाः

(क) विद्यालयले चालु शैक्षिक शत्रमा भर्ना भई अध्ययनरत कूल विद्यार्थीको दश प्रतिशत कोटा छात्रवृत्तिको लागि छुट्याउनु पर्ने छ । यसरी छुट्याइएको छात्रवृत्ति कोटा आधारभूत तथा माध्यमिक तहको प्रत्येक कक्षाको लागि दश प्रतिशतका दरले हुने गरी व्यवस्था गर्नु पर्ने छ ।

(ख) कुनै कक्षामा छात्रवृत्ति पाएको विद्यार्थी निम्न अवस्थामा माथिल्लो कक्षामा छात्रवृत्ति प्राप्त गर्न ग्राह्य हुने छैनन्ः

१) जम्मा विद्यालय खुलेको दिनको असी प्रतिशत हाजिरी नभएमा,

२) कानुनले तोके भन्दा कम उमेरमा विवाह गरेमा,

३) कक्षा उत्तीर्ण गर्न नसकेमा,

४) गलत वा झुठा विवरण पेश गरेको प्रमाणित भएमा र

५) शिक्षा नियमावली र विद्यालयले तयार गरेको आचारसंहिता उल्लंघन गरेको प्रमाणित भएमा ।

(ग) अर्को शैक्षिक सत्रमा छात्रवृत्ति कोटा कायम गर्दा विगतमा पाइरहेको कोटा रिक्त भएमा सो समेत थप गरी कोटा एकिन गर्नुपर्ने छ । यसरी कोटा एकिन गर्दा जुन आरक्षित समूहको रिक्त भएको छ, सो कोटा मात्र माग गर्नुपर्ने छ ।

तर विपन्नताको हकमा प्रत्येक वर्षको शैक्षिक सत्र समाप्त भए पछि निज विद्यार्थीहरूको बुँदा नं. (ग) मा उल्लेख भएको विषयका अतिरिक्त सहकारी तथा गरिबी निवारण मन्त्रालयले वितरण गरेको गरिबी कार्ड वा विद्यार्थीको परिवारको कुनै पनि सदस्यको नोकरी, व्यापार, व्यवसाय र आय–आर्जनको व्यवस्था नभई जीवन निर्वाह गर्न न्यूनतम आवश्यक पर्ने आम्दानी नभई अनिवार्य शिक्षाको लागि आवश्यक पर्ने पाठ्यपुस्तक तथा कापी, कलम जस्ता स्टेशनरी उपलब्ध गराउन नसक्ने अवस्थामा रहेको, भूमि सम्बन्धी ऐन, २०२१ बमोजिम जग्गावालाको हैसियतले राख्न पाउने अधिकतम हदबन्दीको तराई तथा उपत्यका, पहाडी र हिमाली क्षेत्रमा क्रमशः पाँच, दश र पन्ध्र प्रतिशत भन्दा कम खेती योग्य जग्गा रहेको, वा राष्ट्रिय योजना आयोगबाट परिभाषित भए बमोजिम निरपेक्ष गरिबीको रेखामुनि पर्ने र सो भन्दा कम आम्दानी भएको कुराहरू विद्यमान रहेको एकिन गर्नुपर्नेछ ।

(घ) कक्षा १ देखि १० सम्मको छात्रबृत्ति परीक्षा शिक्षा नियमावलीले तोके बमोजिम हुने छ भने कक्षा ११ र १२ को छात्रवृत्ति परीक्षा कार्यबिधिमा तोकिए बमोजिम हुने छ । शिक्षा नियमावलीमा छात्रवृत्ति परीक्षाका सम्बन्धमा व्यवस्था गरिएको रहेनछ भने परीक्षाको पद्धति छात्रवृत्ति व्यवस्थापन समितिले तोकेबमोजिम हुने छ ।

## ५.२ परीक्षाको किसिमः

(क) छात्रवृत्ति छनोटको लागि हुने लिखित परीक्षा एक सय पूर्णाङ्कको हुने छ । आवश्यकता अनुसार थप अन्य परीक्षाको साधनहरू पनि अपनाउन सकिने छ । तोकिएको कोटा भित्र तोकिएको भन्दा कम वा कोटा अनुसारकै

मात्र आवेदन परेमा आवेदकहरूलाई अन्तर वार्ताको आधारमा मात्र पनि छनोट गर्न सकिने छ ।

ख) उत्तीर्णाङ्क ४० हुने छ ।

## परिच्छेद–छ

### ६.१ आरक्षण सम्बन्धी व्यवस्थाः

६.१.१ जेहेन्दार, विपन्न, अपाङ्ग, महिला, दलित, जनजाति, जनआन्दोलन तथा मधेश आन्दोलनका घाइते, वेपत्ता तथा सहिद परिवारका सन्ततिहरूले छात्रवृत्ति प्राप्त गर्ने अवस्थालाई सुनिश्चित गर्न आरक्षणको व्यवस्थालाई देहाय अनुसार व्यवस्थित गरिएको छ :

(क)विद्यालयले परीक्षा लिएर विद्यार्थी छनोट गरी प्रदान गर्ने कुल दश प्रतिशत छात्रवृत्तिलाई शत प्रतिशत मानी देहायको आधारमा कोटा आरक्षित गर्नुपर्ने छ :-

१) जेहेन्दार – ३७ प्रतिशत

२) विपन्नता – ३६ प्रतिशत

३) जनजाति – १० प्रतिशत

४) दलित – ५ प्रतिशत

५) अपाङ्ग – ३ प्रतिशत

६) जनआन्दोलनका घाइते – ३ प्रतिशत

७) सहिद परिवारको सन्तति – २ प्रतिशत

८) वेपत्ता परिवारको सन्तति – २ प्रतिशत

९) मधेश आन्दोलनका घाइतेका सन्तति– २ प्रतिशत

(ख) दफा६.१.१ मा व्यवस्था गरिएका आरक्षित कोटाहरूमा जनजाति वर्गमा सूचिकृत जातजातिहरूको विवरण अनुसूची १ मा,दलित वर्गमा सूचिकृत जातजातिहरूको

विवरण अनुसूचि २ मा र अपाङ्ग अन्तर्गत पर्नेविवरण अनुसूची ३ मा व्यवस्था गरिएको छ ।

(ग) यसरी छुट्याइएको प्रत्येक आरक्षित समूहको ५० प्रतिशत कोटा छात्राहरूको लागि सुरक्षित गर्नुपर्ने छ । छात्राहरूको कोटा पूर्ति हुन नसकेमा मात्र सो कोटामा छात्रहरूलाई प्रदान गर्न सकिने छ ।

(घ) माथि उल्लेखित आरक्षणहरू मध्ये एक विद्यार्थीले कुनै एक वा एक भन्दा बढी आरक्षण समूहबाट आवेदन दिन पाउनेछ ।

छात्रवृत्तिको लागि आवेदनको ढाँचा अनुसूचि ४ बमोजिम हुने छ ।

(ङ) विद्यार्थीहरूलाई छात्रवृत्ति कोटा वितरण गर्दा योग्यताक्रमका आधारमा विद्यालय छनोट गर्ने सुविधा प्राप्त गर्ने व्यवस्था मिलाइने छ । विद्यालयको छात्रवृत्ति कोटा तय गर्दा आरक्षणको लक्षित समूहगत प्रतिशतका आधारमा गर्ने । कोटा कम भई सबै समूह नसमेटिने अवस्थामा माथि उल्लेखित प्राथमिकता क्रमलाई आधार बनाइ कोटा निर्धारण गर्ने ।

(च) कक्षा एघार र बाह्रमा छात्रवृत्तिको लागि विद्यार्थी छनोट गर्दा कम्तिमा पचास प्रतिशत कोटा सामुदायिक विद्यालयबाट आएका छात्रछात्राहरूको लागि छुट्याउनु पर्ने छ ।

(छ) विद्यालयले प्रत्येक कक्षामा प्रथम र द्वितीय हुने विद्यार्थीलाई क्रमशः शत प्रतिशत र पचास प्रतिशत शुल्क मिनाहा गरी जेहेन्दार छात्रवृत्ति उपलब्ध गराउने ।

(ज) विपन्नता कोटामा आवेदन दिनका लागि महानगरपालिकाका वडा कार्यालयको सिफारिस अनिवार्य हुने छ ।

६.१.२ माथि उल्लेखित कोटामा कुनै आवेदन नपरेमा वा आवेदन परेर पनि कुनै परीक्षार्थी उत्तीर्ण हुन नसकेमा वा अन्य कुनै कारणले कोटा पूर्ति हुन नसकेमा छात्रवृत्ति व्यवस्थापन समितिको निर्णय बमोजिम उक्त बाँकी कोटा अन्य धेरै आवेदन परेको कोटामा परिणत गर्न सकिनेछ ।

## परिच्छेद–सात

### ७.१ विविधः

#### ७.१.१ जिम्मेवार पदाधिकारीको व्यवस्था

वीरगन्ज म.न.पा.ले छात्रवृत्तिको व्यवस्थापनका लागि बेठक बोलाउने, कोटा एकिन गर्ने, परीक्षा सञ्चालन गर्ने, नतिजा प्रकाशन तथा सिफारिस लगायतका काम समयमै सम्पन्न गर्नको लागि वीरगन्ज म.न.पा. को हकमा शैक्षिक प्रशासन महाशाखा प्रमुख र विद्यालयको हकमा विद्यालयको प्रधानाध्यापकको जिम्मेवारी रहने छ ।

#### ७.१.२ अनुसूचीमा हेरफेर

यस अनुसूचीमा लेखिएको विषयवस्तुका अतिरिक्त अन्य विषयहरू थप गर्नु आवश्यक देखिएमा वीरगन्ज म.न.पा. को छात्रवृत्ति व्यवस्थापन समितिको निर्णय बमोजिम हुने ।

#### ७.१.३ निवेदन दिन सकिने

विद्यालयले कुनै कारण जनाई विद्यार्थीलाई छात्रवृत्तिबाट वञ्चित गराएमा सम्बन्धित विद्यार्थी वा निजको अभिभावकले सो को जानकारी पाएको मितिले सातदिन भित्र वीरगन्ज म.न.पा. छात्रवृत्ति व्यवस्थापन समिति समक्ष निवेदन दिन सक्ने छ । निवेदनका सम्बन्धमा समितिले यथाशीघ्र निर्णय गर्नुपर्ने छ ।

#### ७.१.४ खारेजी र बचाउ

(क) यो कार्यविधि तयार हुनु पूर्व छात्रवृत्ति छनोटका लागि भए गरेका काम कारवाहीहरू यसै कार्यविधि बमोजिम भए गरेको मानिने छ ।

# अनुसूचि १

जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ को अनुसूचीमा उल्लेखित तपसील बमोजिमका जातिहरूलाई जनजातिको रुपमा लिइएको छ ।

१. किसान
२ कुमाल
३ कुशवादिया
४. कुशुण्डा
५. गनगाई
६. गुरुङ
७. चेपाङ्ग
८. छन्त्याल
९. घैरोतन
१०. जिरेल
११. झागड
१२. डोल्मो
१३. ताङवे
१४. ताजपुरिया
१५. तामाङ्ग
१६. तिनगाउँले थकाली
१७. ताप्केगोला
१८. थकाली
१९. थामी
२०. थारु
२१. सुदाम
२२. दनुवार
२३. दरँय
२४. दुरा
२५. धानुक (राजवंशी)
२६. धिमाल
२७. नेवार
२८. प्रहरी
२९. फ्रि
३०. वनकरिया
३१. बरामो
३२. बाह्रगाउँले
३३. बोटे
३४. भूजेल
३५. भोटे
३६. मगर
३७. माझी
३८. मार्फाली थकाली
३९. मुगाली
४०. मेचे (बोडे)
४१. याक्खा
४२. राई
४३. राउटे
४४. राजवंशी (कोच)
४५. राझी
४६. लार्के
४७. लिम्बु
४८. लेप्चा
४९. ल्होपा
५०. ल्होमिसिङसावा
५१. वालुक्त
५२. ब्याँसी
५३. शेर्पा
५४. सतार (सन्थाल)
५५. सियार
५६. सुनुवार
५७. सुरेल
५८. हायु
५९. ह्योल्मो

# अनुसूची - २

दलित जातीय अनुसूची विवरण

दलितवर्गमा सूचीकृत जात-जातिहरूको वर्णानुक्रम अनुसारको जातीय अनुसूची

(क) पहाडमूल

१.गन्धर्व (गाइने)

२. परियार (दमाई, दर्जी, सुचिकार, नगर्ची, ढोली, हुड्के)

३.वादी

४.विश्वकर्मा (कामी, लोहार, सुनार, ओड, चुनँरा, पार्की, टमटा)

५.सार्की (मिजार, चर्मकार, भूल)

(ख) मधेशी मूल

६.कलर

७.ककैहिया

८.कोरी

९.खटिक

१०.खत्वे (मण्डल, खङ्ग)

११.चमार (राम, मोची, हरिजन, रविदास)

१२.चिडिमार

१३.डोम (मरिक)

१४.तत्मा (ताँती, दास)

१५.दुसाध (पासवान, हजरा)

१६.धोवी (रजक) हिन्दू

१७.पत्थकरट्टा

१८.पासी

१९.वाँतर

२०.मुसहर

२१.मेस्तर(हलखोर)

२२.सरभङ्ग (सरवरिया)

# अनुसूचि -३

अपाङ्ग वर्गीकरण

१. शारीरिक अपाङ्गता

२. बहिरा

३. सुस्त मनस्थिति

४. दृष्टिविहीन

५. बहु अपाङ्ग

# अनुसूची - ४

## दरखास्त फाराम

श्रीमान् शैक्षिक प्रशासन महाशाखा प्रमुख ज्यू,

वीरगन्ज महानगरपालिका ...................../.............................. विद्यालय ।

निजी विद्यालयबाट प्रदान गरिने जेहेन्दार/विपन्नता/जनजाति/दलित/अपाङ्ग/जनआन्दोलनमा घाइते/सहिद परिवारको सन्तति/वेपता परिवारको सन्तति/ र मधेश आन्दोलनका घाइतेका सन्ततिको लागि छात्रवृत्ति कार्यक्रममा म/मेरो छोरा/छोरी सम्मिलित हुन इच्छुक भएकोले छात्रवृत्तिका लागि फाराम भरी आवश्यक कागजात यसैसाथ संलग्न गरी पेश गरेको छु ।

१. विद्यार्थीको पूरा नाम थर (देवनागरीमा) :

२. NAME IN ENGLISH (IN BLOCK LETTER) :

३. जन्म मिति :

४. वि.सं. ........................... इ.सं ........................

५. विद्यार्थीको ठेगाना (क) स्थायी : (ख) अस्थायी

६. छात्रवृत्तिको किसिम : जेहेन्दार/विपन्नता/अपाङ्ग/दलित/जनजाति/अन्य

७. अध्ययन गर्न चाहेको विद्यालय :प्राथमिकता क्रमको आधारमा

क)

ख)

ग)

घ)

ङ)

८. बाबुको नामथर : पेशा :

९. आमाको नाम थर :                                    पेशा :

१०. बाजेको नाम थर :                                  पेशा :

११. पारिवारिक आम्दानीको श्रोत : कृषि/नोकरी/व्यापार/अन्य

१२. आम्दानीको अनुमानित विवरण (नगदमा उल्लेख गर्ने):रु.

१३. संलग्न कागजातहरू :

- नेपाली नागरिक (जन्म दर्ता प्रमाणपत्र)
- नियमित विद्यार्थीको रुपमा अध्ययनरत विद्यालयको सिफारिस पत्र
- शैक्षिक योग्यताको प्रमाण पत्र
- अपाङ्ग छात्रवृत्तिका लागि आपाङ्गता सम्बन्धी परिचय पत्र भएका
- दलित छात्रवृत्तिका लागि राष्ट्रिय दलित आयोगको वर्गीकरणमा परेका दलित छात्रछात्राहरू
- जनजाति छात्रवृत्तिका लागि राष्ट्रिय जनजाति महासंघको वर्गीकरणमा परेका जनजाति छात्र छात्राहरू
- विपन्नता छात्रवृत्तिका लागि महानगरपालिका वडा कार्यालयले सिफारिस गरेको
- सहिदका छोराछोरीहरूका लागि नेपाल सरकारबाट प्रमाणित भएको ।

कार्यपालिकाबाट स्वीकृत मितिः २०७५।०८।१८

प्रमाणीकरण मितिः २०७५।०८।२५

आज्ञाले,

डा.भीष्मकुमार भूसाल

प्रमुख प्रशासकीय अधिकृत